# कागेश्वरी मनोहरा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं
३ नं. प्रदेश, नेपाल

**<u>पूर्व निर्मित भवन अभिलेखिकरण गर्ने विषयमा सार्वजनिक सूचना</u>**

कागेश्वरी मनोहरा नगरपालिका कार्यालयले यस नगरपालिकाको भवन निर्माण प्रमाणिकरण कार्यविधि, २०७४ बमोजिम निर्माण गरेका तर भवन निर्माण सम्बन्धी मापदण्ड पुरा नगरेका सम्पूर्ण भवनहरुको अभिलेखिकरण गरी निश्चित मापदण्डका आधारमा कानून सम्मत बनाउने प्रयोजनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (पूर्वाधार विकास महाशाखा) को च.नं. २६८, प.सं. ०७३/७४ मिति २०७४।१।२६ को पत्रानुसार २०७४।११।२६ सम्मको लागि भवनको अभिलेखिकरण गर्ने भएको हुनाले यस नगरपालिकामा निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदनमा अनिवार्य संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. लालपुर्जाको फोटोकपी - १ प्रति
२. नागरिकताको फोटोकपी - १ प्रति
३. मालपोत घरजग्गा कर तिरेको रसिदको फोटोकपी - १ प्रति
४. घरधनी फोटो - ३ प्रति
५. जग्गाको नक्शा ब्लू प्रिन्ट - १ प्रति
६. जग्गाको ट्रेस नक्शाको फोटोकपी - १ प्रति
७. घरको फोटो (चारतर्फको)
८. घरको फिल्ड सर्जमिन
९. घरको नक्शा - २ प्रति
१०. नक्शा बनाउने प्राविधिकको इजाजत पत्रको प्रतिलिपि - १ प्रति